## बैठक संख्या :- ०५/२०७४-०७५

आज मिति २०७४ साल फाल्गुन महिनाको ३० गते बुधबारका दिन गुजरा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सन्तलाल प्रसाद चौधरी ज्यूको अध्यक्षतामा देहायका पदाधीकारी ज्युहरुको उपस्थितिमा पेश भएका निम्न प्रस्तावहरु उपर छलफल गर्न बैठक बस्यो ।

### उपस्थिति

| क्र.स | पद | पदाधिकारीको नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | सन्तलाल प्रसाद चौधरी | |
| २ | उप-प्रमुख | गैसन खातुन शेख | |
| ३ | १ नं वडा अध्यक्ष | राजकिशोर प्रसाद | |
| ४ | २ नं वडा अध्यक्ष | अशोक कुमार खाँ थारु | |
| ५ | ३ नं वडा अध्यक्ष | राजेन्द्र कुमार चौधरक | |
| ६ | ४ नं वडा अध्यक्ष | पवनराज गिरी | |
| ७ | ५ नं वडा अध्यक्ष | श्री मोहमद अरीफ मिया दर्जी | |
| ८ | ६ नं वडा अध्यक्ष | सकिल अंसारी | |
| ९ | ७ नं वडा अध्यक्ष | मोफिल चौधरी | मोफील चौ. |
| १० | ८ नं वडा अध्यक्ष | नेक महमद मिया मंसुरी | |
| ११ | ९ नं वडा अध्यक्ष | दिपेन्द्र पनहर | |
| १२ | सदस्य (महिला) | कुमरी देवी | कुमरी देवी |
| १३ | सदस्य (महिला) | नगीना देवी ठाकुर | नगीना |
| १४ | सदस्य (महिला) | पुजा कुमारी चौधरी | पुजा |
| १५ | सदस्य (महिला) | रिन्कु कुमारी चौधरी | |
| १६ | सदस्य (महिला) | श्रीम्ता देवी खाँ थारु | |
| १७ | सदस्य (दलित वा अल्पसंख्यक) | जितेन्द्र राउत | |
| १८ | सदस्य (दलित वा अल्पसंख्यक) | पुनित राम महरा | |
| १९ | सदस्य (दलित वा अल्पसंख्यक) | रामबाबु साह कलवार | |
| २० | सदस्य सचिव | कि[illegible] | |

## निर्णयका लागि पेश भएका प्रस्तावहरु

१. धुर्मुस सुन्तली फाउन्डेसनलाइ दिइएको सहयोग रकम सम्बन्धमा ।

२. शिक्षा नियमावलीको मस्यौदा अध्ययन गर्ने सम्बन्धमा ।

३. अनुगमन तथा सुपरिवेक्षण समितिगठन सम्बन्धमा ।

४. स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन सम्बन्धमा ।

५. सडक बोर्डको योजना छनौट सम्बन्धमा ।

६. कानुनी सल्लाहकारको सेवा करार सम्बन्धमा ।

७. केवल रामसुरत क्याम्पसको अनुदान रकम सम्बन्धमा ।

८. वडा कार्यालय सञ्चालन खर्च सम्बन्धमा ।

९. उपभोक्ता समिति गठन सम्बन्धि मापदण्ड सम्बन्धमा ।

## निर्णय नं. १

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको धुर्मुस सुन्तली फाउन्डेसनलाइ दिइएको सहयोग रकम सम्बन्धमा छलफल हुदा उक्त फाउन्डेसनद्वारा चन्द्रपुर न.पा. सन्तपुरमा निर्माण भएको एकिकृत नमुना बस्ती निर्माण कार्यको लागि सहयोग गरीएको रु.५१,०००/- (अक्षेरुपी एकाउन्न हजार मात्र) सहयोग रकम खर्च समर्थन गर्ने निर्णय गरीयो ।

## निर्णय नं. २

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको शिक्षा नियमावलीको मस्यौदा अध्ययन गर्ने सम्बन्धमा शिक्षा नियमावलीको मस्यौदा अध्ययन तथा सिफारिस गर्न निम्नानुसारको कार्यदल निर्माण गर्ने निर्णय गरीयो र सो कार्यदलले सरोकारवालाको समेत परामर्श लिइ आगामी चैत्र महिनामा बस्ने कार्यपालिकाको बैठक समक्ष गुजरा नगरपालिकाको मस्यौदा शिक्षा नियमावली पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

कार्यदलको नाम

१. मो. आरिफ मिया दर्जि - संयोजक

२. दिपेन्द्र पन्हर - सदस्य

३. अशोक कुमार खाँ थारु - सदस्य

४. पुनित राम - सदस्य

५. रिन्कु कुमारी चौधरी - सदस्य

६. हेमचन्द्र लाल कर्ण (कानुनी सल्लाहाकार) - कानुनि सल्लाहकार

७. शम्भु प्रसाद दुमाराई - प्र.प्र.अ. - सदस्य सचिव

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा छलफल गर्दा स्थानीय तहको वार्षिक योजना तथाबजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.१ बमोजिम चालु आ.व. ७४/७५ मा यस नगरपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न देहायअनुसारको समिति गठनगर्ने निर्णय गरीयो।

**अनुगमन तथा सुपरिवेक्षण समिति**

१. नगर उप-प्रमुख रौशन खातुन शेख - संयोजक

२. पुनित राम(कार्यपालिका सदस्य) - सदस्य

३. कुमरीदेवी पासवान (कार्यपालिका सदस्य) - सदस्य

४. प्र.प्र.अ. किरणनिधि तिवारी - सदस्य

५. ना.सु. विरेन्द्र राय यादव (योजना शाखा ) - सदस्य सचिव

**निर्णय नं. ४**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन सम्बन्धमा छलफल गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ बमोजिम निम्नानुसारको स्थानीय विपद तथा जलवायु उत्थानशील समिति गठनगर्ने निर्णय गरीयो।

स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति

१. नगर प्रमुख श्री सन्तलाल प्रसाद चौधरी - अध्यक्ष

२. उप-प्रमुख श्री रौशन खातुन शेख - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. वडा अध्यक्षहरु सबै - सदस्य

५. नगरपालिकाको विषयगत शाखा प्रमुखहरु - सदस्य

६. यस नगरपालिकामा रहेका सुरक्षा निकायका प्रमुखहरु - सदस्य

७. नगरपालिकाको रेडक्रस सोसाइटीको प्रमुख - सदस्य

८. नगरकार्यपालिकाले मनोनित गरेको नगरपालिकाको गैरसरकारी संस्थाको तर्फबाट कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

क) प्रतिनिधि Plan Nepal

ख) सविता कुमारी चौधरी - F.A.O

ग) प्रतिनिधि R.D.C. Nepal

९. नगरपालिकासा उपलब्ध विपद व्यवस्थापन सम्बन्धि विज्ञमध्ये नगरपालिकाले मनोनयन गरेको २ जना - सदस्य

क) विजय शाह बँनिया (मोवाइल नं. ९८५५०२३६३०) सिमराभवानिपुर

ख) सुनिल पौडेल (मोवाइल नं. ९८४५२३८७१८) कटानि

१०. स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

११. नगरपालिकाको विपद व्यवस्थापन शाखाको प्रमुख

ना.सु. जामुन चौधरी - सदस्य- सचिव

**निर्णय नं. ५**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको सडक बोर्डको योजना छनौट सम्बन्धमा छलफल हुदा कटानि देखि महुलिया टोल हुदै नहरसम्मको बाटो ग्राभेल गर्ने कार्यको योजना छनौट गरी सडक बोर्डमा पठाउने निर्णय गरीयो ।

**निर्णय नं. ६**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको कानुनी सल्लाहकारको सेवा करार सम्बन्धमा छलफल हुदा सेवा करारमा लिइएको कानुनी सल्लाहकार हेमचन्द्रलाल कर्णको सेवा करार २०७५ असार मसान्सम्मको लागि समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको केवल रामसुरत क्याम्पसको अनुदान रकम सम्बन्धमा छलफल हुदा प्रथमनगरसभाबाट उक्त क्याम्पसको लागि निर्माण तथा व्यवस्थापनमा रु.२५ लाख बजेट विनियोजन गरिएकोमा निर्माण तर्फ रु. २० लाख र क्याम्पस व्यवस्थापन तर्फ रु. ५ लाख खर्चगर्ने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको वडा कार्यालय सञ्चालन खर्च सम्बन्धमा छलफल गर्दा साविक बमोजिम दिइदै आएको खर्च रकमलाइ निरन्तरता दिने निर्णय गरीयो ।

**निर्णय नं. ९**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको उपभोक्ता समिति गठन सम्बन्धि मापदण्ड सम्बन्धमा छलफल गर्दा उपभोक्ता समिति गठन सम्बन्धि मापदण्ड २०७४ देहायबमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

गुजरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिमरा भवानीपुर, रौतहट

२ नं. प्रदेश नेपाल

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमरा भवानीपुर, रौतहट २ नं. प्रदेश, नेपाल २०७४

दा.नं. ...

पत्र संख्या : ०७४/०७५
चलानी नं. :

मिति : २०७४।११।३०

विषय :- उपभोक्ता समिति गठन सम्वन्धि मापदण्ड २०७४ ।

श्री नं.....वडा कार्यालय ...................
गुजरा नगरकार्यपालिकाको कार्यालय सिमरा भवानीपुर, रौतहट ।

प्रस्तुत विषयमा यस गुजरा नगरपालिकाको प्रथम नगर सभाबाट आ.व.२०७४/०७५ का लागि स्वीकृत संचालन गर्ने
योजना................................................................................ गरी १ प्रति योजना पाठाईको छ, सो योजनाहरु संचलान गर्न उपभोक्ता समीति गठन गर्ने मिति, समय र स्थानको बारे वडा अध्यक्ष, वडा सचिव, वडा सदस्यहरुसंगको छलफलबाट सूची तयार गर्ने र तयार गरिएको योजनाहरुको तहाँ कार्यालयमा र सम्बन्धीत स्थालमा समेत टाँस गरी सो सूची बमोजिम आफू समबद्ध योजनाहरु कार्यान्वयन गर्न देहाय बमोजिमको आधारमा उपभोक्ता समिति गंठन गरी/गराई ७ (सात) दिन भित्र निर्णयको प्रतिलिपि सहित पठाई दिनुहुन अनुरोध छ ।

## आधारहरु:

१ योजना उपभोग गर्ने र प्रत्यक्ष हुने महिला, दलित, जनजाति मधेसी, मुस्लिम पिछडीएको समुदाय सबैलाई भेला गराई वडा अध्यक्ष स्वयम वा वडा सदस्य र वडा सचिवको रोहवरमा ७ जना देखि ११ जना उपभोक्ता भएको उपभोक्ता समिति गठन गर्ने ।

२ उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यको नागरीकताको प्रतिलिपि समेत पेश गर्ने ।

३ उपभोक्ता समितिमा अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये १ जना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहित समावेश हुनुपर्नेछ ।

४ कामको प्रकृति अनुसार जुनसुकै योजनामा भौतिक निर्माण भएमा कम्तीमा १० प्रतिशत कम्तीमा भौतिक निर्माण तथा माटो तथा ग्रेभलको काममा २० प्रतिशत कम्तीमा तथा ग्रेभलको काममा १५ प्रतिशत लागत सहभागीता हुनुपर्नेछ ।

५ एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउनेछैन र सगोलको परिवारबाट एक भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन ।

६ उपभोक्ता समितिले गरेको कामको सुपरीवेक्षण र अनुगमन गर्न कम्तीमा १ जना महिला सहित ५ सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

७ अनुगमन समितिले लागत अनुमान बमोजिम गुणस्तरीय काम भएको भनि सिफारीस भएपछि मात्र अन्तिम भूक्तानी दिइनेछ । उपभोक्ता समितिमा स्थानिय निकायका निर्वाचित पदाधिकारी सर्वदलिय संयन्त्रमा भाग लिने प्रतिनिधि बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी र पेश्की वा वेरजु फछर्यौट नगरेको व्यक्तिहरु सदस्य रहन पाउने छैनन् ।

८ उपभोक्ता समितिले आफूले पाएको काम आफूले नगरी ठेकेदारबाट गराउने पाइनेछैन साथै उपभोक्ता समितिले ठुला मेशिन औजार प्रयोग नगरी समान्य श्रम मुलक प्राविधि प्रयोगलाइ बढावा दिनुपर्नेछ । प्राविधिकबाट नै मशिनबाट नै काम गराउने गरि ल.इ. बनि सोही अनुसार सम्झौता भएमा मात्र मसिन प्रयोग गर्नु पर्नेछ ।

९. कुनै पनि उपभोक्ता समितिलाइ पेशकी दिइने छैन ।

१० नगरस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिको निर्णयनुसार सरसफाई कार्ड अनिवार्य गरिएकोले उपभोक्ता समितिमा रहने पदाधिकारीहरुको सरसफाई कार्डको प्रतिलिपि समेत संलग्न हुनुपर्नेछ ।

११. कुनै व्यक्ति वा संस्थाले यस न.पा. अन्तरगतका साविकका गा.वि.स.बाट पेश्कि लिएको भएमा सो व्यक्ति वा संस्थालाई कुनै उपभोक्ता समितिमा कुनै पदमा राख्न पाइने छैन ।

१२. अन्य कुरा प्रचलित कानून बमोजिम र सम्झौता बमोजिम हुनेछ ।

[signatures]